नेपाल राष्ट्र बैंक

जनकपुर कार्यालय

# सामान लिलाम सम्बन्धी सिलबन्दी बोलपत्र आह्वानको सूचना

**(प्रथम पटक प्रकाशित मितिः २०७७/०९/१५)**

यस कार्यालयको देहाय बमोजिमका शीर्षक अन्तर्गतका सामानहरु जे जस्तो अवस्थामा छन् सोही अवस्थामा लिलाम बिक्री गर्नुपर्ने भएकोले ईच्छुक व्यक्ति वा फर्महरुबाट बोलपत्र खरिद गरी १६ औं दिन दिउँसो १२ बजे भित्र (उक्त दिन बिदा परेमा त्यसपछि कार्यालय खुलेको पहिलो दिन) देहायको शर्तको अधिनमा रही सिलबन्दी बोलपत्र पेश गर्न यो सूचना प्रकाशित गरिएको छ ।

**विवरणः**

| समूह | लिलाम हुने मालसमान | भ्याट सहित न्यूनतम मूल्य (रु.) |
|---|---|---|
| (क) | कम्प्युटर एण्ड एक्सेसरिज | १८,३५०।- |
| (ख) | फर्निचर फिक्स्चर्स | १,५१०।- |
| (ग) | मेसिनरी तथा उपकरण | १,५२,५००।- |
| (घ) | कार्यालय उपकरण | १३,९००।- |
| (ङ) | अन्य फुटकर सम्पत्ति | ५,३५२।- |
| | कूल न्यूनतम मूल्य | १,९१,६१२।- |
| | अक्षरेपी : एक लाख एकानब्बे हजार छ सय बाह्र मात्र । | |

१. लिलाम सिलबन्दी बोलपत्र खुल्ने स्थान, समय र मितिः

   क) स्थानः नेपाल राष्ट्र बैंक, जनकपुर कार्यालय ।

   ख) समयः दिउँसो २:०० बजे

   ग) मितिः २०७७/१०/०१

२. बोलपत्रका साथ कबोल गरेको रकमको पाँच प्रतिशतले हुन आउने रकम यस कार्यालयको स.के. हिसाब नं १६०९९९९-०११-०००-५२४ मा नगद जम्मा गरेको सक्कल भौचर समावेश गर्नु पर्नेछ ।

३. लिलाम सम्बन्धी बोलपत्र स्वीकृत भएको जानकारी दिएको मितिले तीन दिन भित्र सम्झौता गर्नु पर्नेछ । अन्यथा बोलपत्र रद्द गरी धरौटी वापतको रकम जफत गरिनेछ ।

४. बोलपत्र फाराम रु ५००।- (फिर्ता नहुने गरी) बुझाई यस बैंकको जनकपुर कार्यालयबाट १५ औं दिनको ३ तीन बजे भित्र लिन सकिनेछ । उक्त रकम यस बैंकको ना.नो.आ.हि. फुटकर हिसाब नं. १६००००-०३०-००२-५२४ मा जम्मा गरेको सक्कल भौचर पेश गर्नु पर्नेछ ।

५. लिलाम हुने सामानहरुको विवरण तथा सोको न्यूनतम मूल्य यस कार्यालयको सूचना पाटीमा टाँस गरिएको छ । लिलाम हुने सामान हेर्न/बुझ्न चाहेमा कार्यालय समयमा कार्यालयको आन्तरिक प्रशासन फाँटमा सम्पर्क राख्न सकिनेछ ।

६. लिलाममा भाग लिने ईच्छुक व्यक्तिले नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि वा आफ्नो परिचय खुल्ने प्रमाणित कागजात र ईच्छुक फर्म वा कम्पनीले आफ्नो ईजाजतपत्र तथा फर्म वा कम्पनी दर्ता प्रमाणपत्र (नवीकरण गरिएको), स्थायी लेखा नम्बर वा मूल्य अभिवृद्धि करमा दर्ता भएको प्रमाणित प्रतिलिपि पेश गर्नुपर्नेछ ।

७. प्रत्येक समूहमा न्यूनतम मूल्यांकन लिलाम मूल्य भन्दा बढी रकम तथा कुलमा सबैभन्दा बढी रकम कबोल गर्नेको बोलपत्र स्वीकृत गरिनेछ ।

८. बोलपत्र सम्बन्धी यो सूचना यस बैंकको वेवसाइट www.nrb.org.np मा पनि हेर्न सकिनेछ ।